# प्रदेश लोक सेवा आयोग

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

(प्रशासन, दरखास्त व्यवस्थापन तथा प्रकाशन शाखा)

web:https://ppsc.karnali.gov.np
e-Mail:ppsckarnali@gmail.com, info.ppsc@karnali.gov.np

## प्रदेश निजामती सेवा नवौं तहका (अप्राविधिक/प्राविधिक) पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

सूचना नं. २१२।२०८०-०८१ प्रकाशित मितिः- २०८१।०१।२५

ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पदपूर्ति गर्नुपर्ने देहायका पदहरूका लागि कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३२ र ३३ बमोजिम ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८१।०२।२८ गते सम्ममा दरखास्त दिनु हुन सूचना गरिन्छ। ज्येष्ठता गणना कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३५ बमोजिम हुनेछ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट **https://ppsc.karnali.gov.np** बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइ सक्नुपर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुस्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

### उम्मेदवारहरूले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरू:

१. कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३० बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्ने।
२. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश कर्मचारी अभिलेखालयबाट आफूले पाएको सङ्केत नम्बरसहित अद्यावधिक वैयक्तिक विवरण अनिवार्य रूपमा पेश गर्नुपर्ने।
३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्ने।
४. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण र कर्णाली प्रदेशमा समायोजन भएको पत्र पेश गर्नुपर्ने।
५. जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३२(१)(ग) बमोजिमको तालिमको प्रमाणपत्र पेश गर्नुपर्ने।
६. कार्यक्षमताको आधारमा हुने बढुवाका आधारहरु कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३३ बमोजिम हुनेछ।
७. बढुवाको लागि हुने न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २९ बमोजिम हुनुपर्ने।
८. बढुवा सम्बन्धी अन्य व्यवस्था कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० र कर्णाली प्रदेश निजामती सेवा नियमावली, २०८० बमोजिम हुने।

**कर्णाली प्रदेश निजामती सेवा तर्फ बढुवा हुने पदको विवरण**

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | बढुवाको किसिम | पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| अ. अप्राविधिक तर्फ नवौं तह | | | | | |
| १ | ३१।०८०-८१ | उपसचिव, प्रशासन, सा.प्र. | ज्येष्ठता र का.स.मू. | ९ | |
| आ. प्राविधिक तर्फ नवौं तह | | | | | |
| २ | ३२।०८०-८१ | सिनियर डिभिजनल ईन्जिनियर, इन्जिनियरिङ, सिभिल, जनरल | ज्येष्ठता र का.स.मू. | २ | |
| ३ | ३३।०८०-८१ | सिनियर डिभिजनल ईन्जिनियर, इन्जिनियरिङ, सिभिल, स्यानिटरी | ज्येष्ठता र का.स.मू. | १ | |
| ४ | ३४।०८०-८१ | सिनियर डिभिजनल ईन्जिनियर, इन्जिनियरिङ, सिभिल, इरिगेशन | ज्येष्ठता र का.स.मू. | २ | |
| ५ | ३५।०८०-८१ | वरिष्ठ कृषि अर्थविज्ञ, कृषि, एग्री इको एण्ड मार्केटिङ्ग | ज्येष्ठता र का.स.मू. | १ | |
| ६ | ३६।०८०-८१ | वरिष्ठ कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसार | ज्येष्ठता र का.स.मू. | २ | |
| ७ | ३७।०८०-८१ | वरिष्ठ पशु चिकित्सक, कृषि, भेटेरिनरी | ज्येष्ठता र का.स.मू. | १ | |
| ८ | ३८।०८०-८१ | वरिष्ठ पशु विकास अधिकृत, कृषि, ला.पो.डे.डे. | ज्येष्ठता र का.स.मू. | १ | |
| ९ | ३९।०८०-८१ | डिभिजनल जलाधार व्यवस्थापन अधिकृत, वन, स्वायल एण्ड वाटर कन्जरभेशन | ज्येष्ठता र का.स.मू. | १ | |
| १० | ४०।०८०-८१ | डिभिजनल वन अधिकृत, वन, जनरल फरेष्ट्री | ज्येष्ठता र का.स.मू. | ४ | |
| ११ | ४१।०८०-८१ | उपसचिव, शिक्षा, शिक्षा प्रशासन | ज्येष्ठता र का.स.मू. | १ | |
| १२ | ४२।०८०-८१ | कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट, स्वास्थ्य, एनेस्थेसियोलोजी | ज्येष्ठता र का.स.मू. | २ | |
| १३ | ४३।०८०-८१ | कन्सल्टेन्ट अब्सट्रेटिक्स एण्ड गाईनोकोलोजिष्ट, स्वास्थ्य, अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजी | ज्येष्ठता र का.स.मू. | ४ | |
| १४ | ४४।०८०-८१ | कन्सल्टेन्ट अर्थोपेडिक सर्जन, स्वास्थ्य, सर्जरी, अर्थोपेडिक सर्जरी | ज्येष्ठता र का.स.मू | २ | |
| १५ | ४५।०८०-८१ | कन्सल्टेन्ट जनरल फिजिसियन, स्वास्थ्य, मेडिसिन, जनरल मेडिसिन | ज्येष्ठता र का.स.मू | ४ | |
| १६ | ४६।०८०-८१ | कन्सल्टेन्ट पेडियाट्रिसियन, स्वास्थ्य, पेडियाट्रिक्स, पेडियाट्रिक्स मेडिसिन | ज्येष्ठता र का.स.मू | २ | |
| १७ | ४७।०८०-८१ | कन्सल्टेन्ट सर्जन, स्वास्थ्य, सर्जरी, जनरल सर्जरी | ज्येष्ठता र का.स.मू | ३ | |
| १८ | ४८।०८०-८१ | जनस्वास्थ्य प्रशासक, स्वास्थ्य, हे.ई. | ज्येष्ठता र का.स.मू | १ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | ४९।०८०-८१ | मेडिकल ल्याव टेक्नोलोजिस्ट प्रशासक, स्वास्थ्य मे.ल्या.टे., ज.मे.ल्या.टे. | ज्येष्ठता र का.स.मू | १ | |
| २० | ५०।०८०-८१ | कन्सल्टेन्ट रेडियोलोजिष्ट, स्वास्थ्य, रेडियोलोजी | ज्येष्ठता र का.स.मू | १ | |
| २१ | ५१।०८०-८१ | कन्सल्टेन्ट मेडिकल जनरलिष्ट, स्वास्थ्य, मेडिकल जनरलिष्ट | ज्येष्ठता र का.स.मू | १ | |
| २२ | ५२।०८०-८१ | कन्सल्टेन्ट प्याथोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, जनरल प्याथोलोजी | ज्येष्ठता र का.स.मू | १ | |
| २३ | ५३।०८०-८१ | अस्पताल नर्सिङ्ग प्रशासक, स्वास्थ्य, जनरल नर्सिङ्ग | ज्येष्ठता र का.स.मू | १ | |
| | | जम्मा | | ४८ | |
| अ. अप्राविधिक तर्फ नवौं तह | | | | | |
| १ | ५४।०८०-८१ | उपसचिव, प्रशासन, सा.प्र. | कार्यक्षमता मूल्याङ्कन | ९ | |
| २ | ५५।०८०-८१ | उपसचिव, प्रशासन, लेखा | कार्यक्षमता मूल्याङ्कन | १ | |
| आ. प्राविधिक तर्फ नवौं तह | | | | | |
| ३ | ५६।०८०-८१ | वरिष्ठ तथ्याङ्क अधिकृत, आर्थिक योजना तथा तथ्याङ्क सेवा, तथ्याङ्क | कार्यक्षमता मूल्याङ्कन | १ | |
| ४ | ५७।०८०-८१ | उपसचिव, शिक्षा, पुरातत्व | कार्यक्षमता मूल्याङ्कन | १ | |
| ५ | ५८।०८०-८१ | उपसचिव, शिक्षा, शिक्षा प्रशासन | कार्यक्षमता मूल्याङ्कन | १ | |
| ६ | ५९।०८०-८१ | वरिष्ठ कृषि अर्थविज्ञ, कृषि, एग्री. इको. एण्ड मार्केटिङ्ग | कार्यक्षमता मूल्याङ्कन | १ | |
| ७ | ६०।०८०-८१ | वरिष्ठ कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसार | कार्यक्षमता मूल्याङ्कन | २ | |
| ८ | ६१।०८०-८१ | वरिष्ठ बाली विकास अधिकृत, कृषि, बाली विकास | कार्यक्षमता मूल्याङ्कन | १ | |
| ९ | ६२।०८०-८१ | वरिष्ठ पशु चिकित्सक, कृषि, भेटेरिनरी | कार्यक्षमता मूल्याङ्कन | १ | |
| १० | ६३।०८०-८१ | वरिष्ठ पशु विकास अधिकृत, कृषि, ला.पो.डे.डे. | कार्यक्षमता मूल्याङ्कन | २ | |
| ११ | ६४।०८०-८१ | सिनियर डिभिजनल ईन्जिनियर, इन्जिनियरिङ, सिभिल, जनरल | कार्यक्षमता मूल्याङ्कन | २ | |
| १२ | ६५।०८०-८१ | सिनियर डिभिजनल ईन्जिनियर, इन्जिनियरिङ, सिभिल, इरिगेशन | कार्यक्षमता मूल्याङ्कन | २ | |
| १३ | ६६।०८०-८१ | सिनियर डिभिजनल ईन्जिनियर, इन्जिनियरिङ, सिभिल, स्यानीटरी | कार्यक्षमता मूल्याङ्कन | १ | |
| १४ | ६७।०८०-८१ | डिभिजनल जलाधार व्यवस्थापन अधिकृत, वन, स्वाइल एण्ड वाटर कन्जरभेसन | कार्यक्षमता मूल्याङ्कन | १ | |
| १५ | ६८।०८०-८१ | डिभिजनल वन अधिकृत, वन, जनरल फरेष्ट्री | कार्यक्षमता मूल्याङ्कन | ५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | ६९।०८०-८१ | कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट, स्वास्थ्य, एनेस्थेसियोलोजी | कार्यक्षमता मूल्याङ्कन | २ | |
| १७ | ७०।०८०-८१ | कन्सल्टेन्ट अब्सट्रेटिक्स एण्ड गाईनोकोलोजिष्ट, स्वास्थ्य, अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजी | कार्यक्षमता मूल्याङ्कन | ४ | |
| १८ | ७१।०८०-८१ | कन्सल्टेन्ट अर्थोपेडिक सर्जन, स्वास्थ्य, सर्जरी, अर्थोपेडिक सर्जरी | कार्यक्षमता मूल्याङ्कन | २ | |
| १९ | ७२।०८०-८१ | कन्सल्टेन्ट जनरल फिजिसियन, स्वास्थ्य, मेडिसिन, जनरल मेडिसिन | कार्यक्षमता मूल्याङ्कन | ४ | |
| २० | ७३।०८०-८१ | कन्सल्टेन्ट पेडियाट्रिसियन, स्वास्थ्य, पेडियाट्रिक्स, पेडियाट्रिक्स मेडिसिन | कार्यक्षमता मूल्याङ्कन | २ | |
| २१ | ७४।०८०-८१ | कन्सल्टेन्ट सर्जन, स्वास्थ्य, सर्जरी, जनरल सर्जरी | कार्यक्षमता मूल्याङ्कन | ४ | |
| २२ | ७५।०८०-८१ | जनस्वास्थ्य प्रशासक, स्वास्थ्य, हे.ई. | कार्यक्षमता मूल्याङ्कन | २ | |
| २३ | ७६।०८०-८१ | कन्सल्टेन्ट कौमारभृत्य चिकित्सक, स्वास्थ्य, आयुर्वेद, कौमारभृत्य | कार्यक्षमता मूल्याङ्कन | १ | |
| २४ | ७७।०८०-८१ | कन्सल्टेन्ट आयुर्वेद विज्ञ, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद | कार्यक्षमता मूल्याङ्कन | १ | |
| २५ | ७८।०८०-८१ | फरेन्सिक मेडिसिन अधिकृत, स्वास्थ्य, मेडिसिन, फरेन्सिक मेडिसिन | कार्यक्षमता मूल्याङ्कन | १ | |
| २६ | ७९।०८०-८१ | कन्सल्टेन्ट साइक्याट्रिष्ट, स्वास्थ्य, साइक्याट्री | कार्यक्षमता मूल्याङ्कन | १ | |
| २७ | ८०।०८०-८१ | मेडिकल ल्याव टेक्नोलोजिष्ट प्रशासक, स्वास्थ्य मे.ल्या.टे., ज.मे.ल्या.टे. | कार्यक्षमता मूल्याङ्कन | १ | |
| २८ | ८१।०८०-८१ | कन्सल्टेन्ट रेडियोलोजिष्ट, स्वास्थ्य, रेडियोलोजी | कार्यक्षमता मूल्याङ्कन | १ | |
| २९ | ८२।०८०-८१ | कन्सल्टेन्ट पेडियाट्रिक सर्जन, स्वास्थ्य, सर्जरी, पेडियाट्रिक सर्जरी | कार्यक्षमता मूल्याङ्कन | १ | |
| ३० | ८३।०८०-८१ | कन्सल्टेन्ट न्युरोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, न्युरोलोजी | कार्यक्षमता मूल्याङ्कन | १ | |
| ३१ | ८४।०८०-८१ | कन्सल्टेन्ट नेफ्रोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, नेफ्रोलोजी | कार्यक्षमता मूल्याङ्कन | १ | |
| ३२ | ८५।०८०-८१ | कन्सल्टेन्ट निओनेटोलोजिष्ट, स्वास्थ्य, पेडियाट्रिक्स, निओनेटोलोजी | कार्यक्षमता मूल्याङ्कन | १ | |
| ३३ | ८६।०८०-८१ | कन्सल्टेन्ट डेन्टल सर्जन, स्वास्थ्य, डेन्टिष्ट्री, जनरल डेन्टल | कार्यक्षमता मूल्याङ्कन | १ | |
| ३४ | ८७।०८०-८१ | कन्सल्टेन्ट डर्माटोलोजिष्ट, स्वास्थ्य, डर्माटोलोजी, लेप्रोलोजी र भेनरल डिजिजेज | कार्यक्षमता मूल्याङ्कन | १ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३५ | ८८।०८०-८१ | कन्सल्टेन्ट ई.एन.टी. सर्जन, स्वास्थ्य, अटोरिनो ल्यारिङ्गोलोजी | कार्यक्षमता मूल्याङ्कन | १ | |
| ३६ | ८९।०८०-८१ | कन्सल्टेन्ट माईक्रोबायोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, माईक्रोबायोलोजी | कार्यक्षमता मूल्याङ्कन | १ | |
| ३७ | ९०।०८०-८१ | कन्सल्टेन्ट मेडिकल जनरलिष्ट, स्वास्थ्य, मेडिकल जनरलिष्ट | कार्यक्षमता मूल्याङ्कन | १ | |
| ३८ | ९१।०८०-८१ | प.हे.न. प्रशासक, स्वास्थ्य, प.हे.न. | कार्यक्षमता मूल्याङ्कन | १ | |
| ३९ | ९२।०८०-८१ | कन्सल्टेन्ट प्याथोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, जनरल प्याथोलोजी | कार्यक्षमता मूल्याङ्कन | १ | |
| ४० | ९३।०८०-८१ | अस्पताल नर्सिङ्ग प्रशासक, स्वास्थ्य, जनरल नर्सिङ्ग | कार्यक्षमता मूल्याङ्कन | १ | |
| ४१ | ९४।०८०-८१ | स्वास्थ्य प्रशासक, स्वास्थ्य, प.हे.ए. | कार्यक्षमता मूल्याङ्कन | १ | |
| ४२ | ९५।०८०-८१ | स्वास्थ्य शिक्षा प्रशासक, स्वास्थ्य, हे.ए. | कार्यक्षमता मूल्याङ्कन | १ | |
| ४३ | ९६।०८०-८१ | कन्सल्टेन्ट काय-चिकित्सक, स्वास्थ्य, आयुर्वेद, काय-चिकित्सा | कार्यक्षमता मूल्याङ्कन | १ | |
| ४४ | ९७।०८०-८१ | कन्सल्टेन्ट शल्य चिकित्सक, स्वास्थ्य, आयुर्वेद, शल्य | कार्यक्षमता मूल्याङ्कन | १ | |
| ४५ | ९८।०८०-८१ | कन्सल्टेन्ट भेषज विज्ञ, स्वास्थ्य, आयुर्वेद, भेषज | कार्यक्षमता मूल्याङ्कन | १ | |
| ४६ | ९९।०८०-८१ | कन्सल्टेन्ट कार्डियोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, कार्डियोलोजी | कार्यक्षमता मूल्याङ्कन | १ | |
| | | जम्मा | | ७५ | |

**दरखास्त दस्तुरः-** रु. १५००।- (एक हजार पाँच सय रुपैया)

**दरखास्त दस्तुर बुझाउने तरिकाः-** https://revenue.fcgo.gov.np/ पोर्टल लगइन गरी दिइएको निर्देशानुसार प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेशको तपसिल बमोजिमको कार्यालय कोड र राजश्व शिर्षकमा दरखास्त दस्तुर जम्मा गरी उक्त रकम जम्मा भएको भौचरको प्रति संलग्न गरी दरखास्त पेश गर्नुपर्नेछ।

**कार्यालय कोडः-** २१०००६८०१६ (प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश)

**राजस्व शीर्षक नं.:-** १४२२४

(राजस्व भौचर दाखिला गर्ने कार्यमा कुनै दुविधा भएमा यस आयोगको फोन नं. ०८३-५९०३०६ मा कार्यालय समयमा सम्पर्क गर्नुहुन अनुरोध छ।)

# प्रदेश लोक सेवा आयोग

कर्णाली प्रदेश,वीरेन्द्रनगर, सुर्खेत

(प्रशासन, दरखास्त व्यवस्थापन तथा प्रकाशन शाखा)

web:https://ppsc.karnali.gov.np
e-Mail:ppsckarnali@gmail.com, info.ppsc@karnali.gov.np


## प्रदेश निजामती सेवाका नवौं तहका (प्राविधिक/अप्राविधिक) पदहरुको आन्तरिक अन्तर सेवा/आन्तरिक अन्तर समूह, अन्तर तह र खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन

सूचना नं. २१३।२०८०-०८१ प्रकाशित मितिः-२०८१।०१।२५

कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० बमोजिम प्रदेश निजामती सेवाका देहायका समूह, उपसमूह र तहका पदको आन्तरिक अन्तर सेवा/आन्तरिक अन्तर समूह, अन्तर तह र खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली **https://ppsconline.karnali.gov.np** बाट अनलाइन दरखास्त दिनुपर्नेछ। प्रदेश निजामती सेवाका आन्तरिक अन्तर सेवा/आन्तरिक अन्तर समूह, अन्तर तह र खुला प्रतियोगिताका परीक्षा एकीकृत रुपमा एकै पटक सञ्चालन हुनेछ र प्रतियोगितात्मक परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको प्राथमिकताक्रम अनुसार नियुक्तिको लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

क. नवौं तहका अप्राविधिक पदहरु

| क्र.स. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | परीक्षाको किसिम | पद संख्या |
|---|---|---|---|---|
| १ | ३०९।२०८०-८१ | उपसचिव, प्रशासन, सा.प्र. | आन्तरिक अन्तर सेवा प्रतियोगिता | ३ |
| २ | ३१०।२०८०-८१ | उपसचिव, प्रशासन, सा.प्र. | अन्तर तह प्रतियोगिता | २ |
| ३ | ३११।२०८०-८१ | उपसचिव, प्रशासन, सा.प्र. | खुला प्रतियोगिता | १ |
| ४ | ३१२।२०८०-८१ | उपसचिव, प्रशासन, राजश्व | खुला प्रतियोगिता | १ |

ख. नवौं तहका प्राविधिक पदहरु

| क्र.स. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | परीक्षाको किसिम | पद संख्या |
|---|---|---|---|---|
| १ | ५४६।२०८०-८१ | सिनियर डिभिजनल ईन्जिनियर, इन्जिनियरिङ, सिभिल, जनरल | आन्तरिक अन्तर सेवा प्रतियोगिता | १ |
| २ | ५४७।२०८०-८१ | सिनियर डिभिजनल ईन्जिनियर, इन्जिनियरिङ, सिभिल, इरिगेशन | आन्तरिक अन्तर सेवा प्रतियोगिता | १ |
| ३ | ५४८।२०८०-८१ | सिनियर डिभिजनल ईन्जिनियर, इन्जिनियरिङ, सिभिल, बि. एण्ड आर्क. | खुला प्रतियोगिता | १ |
| ४ | ५४९।२०८०-८१ | प्रमुख नापी अधिकृत, इन्जिनियरिङ, सर्भे | खुला प्रतियोगिता | १ |
| ५ | ५५०।२०८०-८१ | वरिष्ठ कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसार | आन्तरिक अन्तर सेवा प्रतियोगिता | १ |
| ६ | ५५१।२०८०-८१ | वरिष्ठ बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण | खुला प्रतियोगिता | १ |

| | | | | |
|---|---|---|---|---|
| ७ | ५५२।२०८०-८१ | वरिष्ठ बागवानी विकास अधिकृत, कृषि, बागवानी | खुला प्रतियोगिता | १ |
| ८ | ५५३।२०८०-८१ | वरिष्ठ मत्स्य विकास अधिकृत, कृषि, मत्स्य | खुला प्रतियोगिता | १ |
| ९ | ५५४।२०८०-८१ | वरिष्ठ पशु चिकित्सक, कृषि, भेटेरीनरी | खुला प्रतियोगिता | १ |
| १० | ५५५।२०८०-८१ | वरिष्ठ पशु विकास अधिकृत, कृषि, ला.पो.डे.डे. | आन्तरिक अन्तर सेवा प्रतियोगिता | १ |
| ११ | ५५६।२०८०-८१ | डिभिजनल वन अधिकृत, वन, जनरल फरेष्ट्री | आन्तरिक अन्तर सेवा प्रतियोगिता | १ |
| १२ | ५५७।२०८०-८१ | डिभिजनल वन अधिकृत, वन, जनरल फरेष्ट्री | अन्तर तह प्रतियोगिता | १ |
| १३ | ५५८।२०८०-८१ | डिभिजनल वन अधिकृत, वन, जनरल फरेष्ट्री | खुला प्रतियोगिता | १ |
| १४ | ५५९।२०८०-८१ | उपसचिव, शिक्षा, शिक्षा प्रशासन | आन्तरिक अन्तर सेवा प्रतियोगिता | १ |
| १५ | ५६०।२०८०-८१ | कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट, स्वास्थ्य, एनेस्थेसियोलोजी | आन्तरिक अन्तर समूह प्रतियोगिता | १ |
| १६ | ५६१।२०८०-८१ | कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट, स्वास्थ्य, एनेस्थेसियोलोजी | खुला प्रतियोगिता | १ |
| १७ | ५६२।२०८०-८१ | कन्सल्टेन्ट अब्सटेट्रिक्स एण्ड गाईनोकोलोजिष्ट, स्वास्थ्य, अब्स्टेट्रिक्स एण्ड गाइनोकोलोजी | आन्तरिक अन्तर समूह प्रतियोगिता | १ |
| १८ | ५६३।२०८०-८१ | कन्सल्टेन्ट अब्सटेट्रिक्स एण्ड गाईनोकोलोजिष्ट, स्वास्थ्य, अब्स्टेट्रिक्स एण्ड गाइनोकोलोजी | अन्तर तह प्रतियोगिता | १ |
| १९ | ५६४।२०८०-८१ | कन्सल्टेन्ट अब्सटेट्रिक्स एण्ड गाईनोकोलोजिष्ट, स्वास्थ्य, अब्स्टेट्रिक्स एण्ड गाइनोकोलोजी | खुला प्रतियोगिता | १ |
| २० | ५६५।२०८०-८१ | कन्सल्टेन्ट अर्थोपेडिक सर्जन, स्वास्थ्य, सर्जरी, अर्थोपेडिक सर्जरी | आन्तरिक अन्तर समूह प्रतियोगिता | १ |
| २१ | ५६६।२०८०-८१ | कन्सल्टेन्ट अर्थोपेडिक सर्जन, स्वास्थ्य, सर्जरी, अर्थोपेडिक सर्जरी | अन्तर तह प्रतियोगिता | १ |
| २२ | ५६७।२०८०-८१ | कन्सल्टेन्ट अर्थोपेडिक सर्जन, स्वास्थ्य, सर्जरी, अर्थोपेडिक सर्जरी | खुला प्रतियोगिता | १ |
| २३ | ५६८।२०८०-८१ | कन्सल्टेन्ट जनरल फिजिसियन, स्वास्थ्य, मेडिसिन, जनरल मेडिसिन | आन्तरिक अन्तर समूह प्रतियोगिता | १ |
| २४ | ५६९।२०८०-८१ | कन्सल्टेन्ट जनरल फिजिसियन, स्वास्थ्य, मेडिसिन, जनरल मेडिसिन | अन्तर तह प्रतियोगिता | १ |

| | | | | |
|---|---|---|---|---|
| २५ | ५७०।२०८०-८१ | कन्सल्टेन्ट जनरल फिजिसियन, स्वास्थ्य, मेडिसिन, जनरल मेडिसिन | खुला प्रतियोगिता | १ |
| २६ | ५७१।२०८०-८१ | कन्सल्टेन्ट पेडियाट्रिसियन, स्वास्थ्य, पेडियाट्रिक्स, पेडियाट्रिक मेडिसिन | आन्तरिक अन्तर समूह प्रतियोगिता | १ |
| २७ | ५७२।२०८०-८१ | कन्सल्टेन्ट पेडियाट्रिसियन, स्वास्थ्य, पेडियाट्रिक्स, पेडियाट्रिक मेडिसिन | खुला प्रतियोगिता | १ |
| २८ | ५७३।२०८०-८१ | कन्सल्टेन्ट सर्जन, स्वास्थ्य, सर्जरी, जनरल सर्जरी | आन्तरिक अन्तर समूह प्रतियोगिता | १ |
| २९ | ५७४।२०८०-८१ | कन्सल्टेन्ट सर्जन, स्वास्थ्य, सर्जरी, जनरल सर्जरी | अन्तर तह प्रतियोगिता | १ |
| ३० | ५७५।२०८०-८१ | कन्सल्टेन्ट सर्जन, स्वास्थ्य, सर्जरी, जनरल सर्जरी | खुला प्रतियोगिता | १ |
| ३१ | ५७६।२०८०-८१ | जनस्वास्थ्य प्रशासक, स्वास्थ्य, हे.ई. | आन्तरिक अन्तर समूह प्रतियोगिता | १ |
| ३२ | ५७७।२०८०-८१ | जनस्वास्थ्य प्रशासक, स्वास्थ्य, हे.ई. | खुला प्रतियोगिता | १ |
| जम्मा | | | | ३९ |

**परीक्षाको किसिमः–** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता (लिखित परीक्षाको माध्यम, भाषा पाठ्यक्रममा तोकिए बमोजिम हुनेछ)।

**परीक्षा केन्द्रः–** वीरेन्द्रनगर, सुर्खेत, कर्णाली प्रदेश।

**दरखास्त दस्तुरः–** प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु. १२००।- (एक हजार दुई सय रुपैया) बुझाउनु पर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः–** आयोगको विद्युतीय दरखास्त (Online Application) प्रणालीबाट फाराम Submit गरिसकेपछि Online Payment वा Offline Payment मध्ये एक Option छनौट गरी दरखास्त दस्तुर भुक्तानी गर्ने। Online Payment गर्ने उम्मेदवाहरुले तोकिएको wallet हरुको प्रयोग गरी तत्कालै भुक्तानी गर्न सकिनेछ। Offline Payment गर्ने उम्मेदवारहरुले तोकिएका बैंकहरु मध्ये कुनै एक बैंक छनौट गरी भौचर प्रिन्ट गरी सम्बन्धित बैंकमा गई दरखास्त दस्तुर बुझाउने अवधि भित्र बुझाइ सक्नुपर्नेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः–** अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको भौचर सहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाई सक्नुपर्नेछ।

**दरखास्तको माध्यमः–** विज्ञापित पदहरुमा अनलाइन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनु पर्नेछ। अनलाइन प्रणाली मार्फत् दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण **https://ppsconline.karnali.gov.np** बाट हेर्न सकिनेछ।

**अपलोड गर्नुपर्ने कागजातहरुः–** उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा pdf/jpg file मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग स्क्यान गरी jpg file मा अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः–** २०८१।०२।१४ सम्म र दोब्बर दस्तुर तिरी २०८१।०२।२१ सम्म।

**उम्मेदवारको उमेरको हदः–** २०८१।०२।१४ सम्म २१ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको तर संघीय निजामती सेवा, जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा र स्थानीय सेवाका बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

**परीक्षा कार्यक्रमः** परीक्षा कार्यक्रम पछि प्रकाशन गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः–** सेवा, समूह र उपसमूहसँग सम्बन्धित।

**तलब, सेवा शर्त तथा सुविधाः–** प्रचलित कानून बमोजिम।

## खुला, आन्तरिक अन्तर सेवा/आन्तरिक अन्तर समूह र अन्तरतहको लागि आवश्यक न्यूनतम योग्यताः

खुला प्रतियोगितात्मक परीक्षाको लागि उम्मेदवार हुन देहायको शैक्षिक योग्यता र कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ८ को उपदफा (३) वा (४) बमोजिम अनुभव प्राप्त गरेको हुनुपर्नेछ।

१. **उपसचिव, प्रशासन, सामान्य प्रशासनः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कला (आर्टस्), संस्कृत, व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, जन प्रशासन, शिक्षाशास्त्र, कानून वा विज्ञानमा स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण।

२. **उपसचिव, प्रशासन, राजश्वः-** मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, कानून, अर्थशास्त्र, जनप्रशासन, गणित वा तथ्याङ्कशास्त्रमा स्नातकोत्तर उतीर्ण।

३. **सिनियर डिभिजनल इन्जिनियर, इन्जिनियरिङ, सिभिल, जनरलः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा कम्तिमा स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण।

४. **सिनियर डिभिजनल इन्जिनियर, इन्जिनियरिङ, सिभिल, इरिगेशनः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ वा वाटर रिसोर्स डेभलपमेन्ट वा हाइड्रोलोजी वा वाटर युज म्यानेजमेन्ट वा वाटर रिसोर्स इन्जिनियरिङ विषयमा कम्तिमा स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण।

५. **सिनियर डिभिजनल इन्जिनियर, इन्जिनियरिङ, सिभिल, वि. एण्ड आर्क.:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्टिटेक्चरल वा सिभिल वा विल्डिङ्ग वा स्ट्रक्चरल वा टाउन प्लानिङ वा क्वान्टिटि सर्भे वा अर्बान प्लानिङ विषयमा कम्तिमा स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण।

६. **प्रमुख नापी अधिकृत, इन्जिनियरिङ, सर्भे.:-** अधिकृतस्तर सातौ वा सो सरहको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यतापुगेको र मान्यता प्राप्त शिक्षण संस्थाबाट सर्भे वा जियोमेटिक्ससँग सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरह उर्त्तिण।

७. **वरिष्ठ कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसारः-** सातौं तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि प्रसार विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण।

८. **वरिष्ठ बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षणः-** सातौं तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यताप्राप्त शिक्षण संस्थाबाट किट विज्ञान वा बाली रोग विज्ञान वा बाली संरक्षण विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण।

९. **वरिष्ठ बागवानी विकास अधिकृत, कृषि, बागवानी विकासः-** सातौं तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यताप्राप्त शिक्षण संस्थाबाट बागवानी विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण।

१०. **वरिष्ठ मत्स्य विकास अधिकृत, कृषि, मत्स्यः-** सातौं तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यताप्राप्त शिक्षण संस्थाबाट एम.एस्सी. फिसरिज विषयमा स्नातकोत्तर तह उत्तीर्ण

११. **वरिष्ठ पशु विकास अधिकृत, कृषि, ला.पो.डे.डे.:-** सातौं तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु विज्ञान सम्बन्धी विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण।

१२. **वरिष्ठ पशु चिकित्सक, कृषि, भेटेरिनरीः-** सातौं तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट भेटेरिनिरी विज्ञान सम्बन्धी विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण।

१३. **डिभिजनल वन अधिकृत, वन, जनरल फरेष्ट्रिः-** सातौं तहको पदमा सेवा प्रवेशका लागि न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षणसंस्थाबाट सिल्भिकल्चर वा वनस्रोत मापन (फरेष्ट मेन्सुरेसन) वा वन स्रोत सर्भेक्षण वा भू तथा जलाधार व्यवस्थापन वा वन्यजन्तु संरक्षण/व्यवस्थापन वा संरक्षित वन क्षेत्र व्यवस्थापन वा कृषि वन व्यवस्थापन वा वन तथा वातावरण व्यवस्थापन वा वन तथा जलवायु परिवर्तन वा प्राकृतिक स्रोत व्यवस्थापन वा प्राकृतिक स्रोत र विकास वा जैविक विविधता विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण।

१४. **उपसचिव, शिक्षा, शिक्षा प्रशासनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्रमा स्नातकोत्तर वा सो सरह उत्तिर्ण।

१५. **कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट, स्वास्थ्य, एनेस्थेसियोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एनेस्थेसियोलोजीमा स्नातकोत्तर उत्तिर्ण।

१६. **कन्सल्टेन्ट अब्सट्रेटिक्स एण्ड गाईनोकोलोजिष्ट, स्वास्थ्य, अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजीमा स्नातकोत्तर उत्तिर्ण।

१७. **कन्सल्टेन्ट अर्थोपेडिक सर्जन, स्वास्थ्य, सर्जरी, अर्थोपेडिक सर्जरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थोपेडिक सर्जरीमा स्नातकोत्तर उत्तिर्ण।

१८. **कन्सल्टेन्ट जनरल फिजिसियन, स्वास्थ्य, मेडिसिन, जनरल मेडिसिनः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनरल वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उत्तिर्ण।

१९. **कन्सल्टेन्ट पेडियाट्रिसियन, स्वास्थ्य, पेडियाट्रिक्स, पेडियाट्रिक मेडिसिनः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट पेडियाट्रिक्समा स्नातकोत्तर उत्तिर्ण।

२०. **कन्सल्टेन्ट सर्जन, स्वास्थ्य, सर्जरी, जनरल सर्जरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनरल सर्जरी विषयमा स्नातकोत्तर उत्तिर्ण।

२१. **जनस्वास्थ्य प्रशासक, स्वास्थ्य, हे.ई.:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातकोत्तर उत्तिर्ण।

## आन्तरिक अन्तर सेवा/आन्तरिक अन्तर समूह, अन्तरतह र खुला प्रतियोगितमक परीक्षाका लागि आवेदन दिँदा ध्यान दिनुपर्ने विषयहरु

(क) कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३० बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।

(ख) प्रदेश निजामती सेवाको आन्तरिक अन्तर सेवा/आन्तरिक अन्तर समूह प्रतियोगिता तर्फ दरखास्त दिन कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ८ को उपदफा (८) बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

(ग) प्रदेश निजामती सेवाको अन्तर तह प्रतियोगिता तर्फ दरखास्त दिन कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ८ को उपदफा (६) बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

(घ) आन्तरिक अन्तर सेवा/आन्तरिक अन्तर समूह प्रतियोगिता, अन्तर तह र खुला तर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा सबै सेवा, समूहको एकमुष्ट रुपमा प्रकाशन गरिनेछ।

(ङ) सबै चरणको परीक्षा पश्चात् प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) अनुसार नियुक्तिको लागि सिफारिश गरिनेछ।

## खुलातर्फ दरखास्त दिन चाहने उम्मेदवारको लागि आवश्यक अनुभव

(क) देहाय बमोजिमको निकायमा रही अधिकृत स्तरमा काम गरेको अनुभव सम्बन्धमा त्यस्तो पदको नियुक्तिपत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्र।

(१) संघीय तथा प्रदेश निजामती र अन्य सरकारी निकाय,
(२) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित सङ्गठित संस्था,
(३) विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति,
(४) विशेष ऐनद्वारा स्थापित संस्था वा निकाय,
(५) संयुक्त राष्ट्र संघ, यसका अंग तथा विशिष्टीकृत निकाय,
(६) अन्तरसरकारी क्षेत्रिय तथा अन्तर्राष्ट्रिय संगठनहरू,
(७) विश्वविद्यालय, विश्वविद्यालयको आङ्गिक क्याम्पस र मेडिकल कलेज,
(८) सामुदायिक विद्यालय।

(ख) खण्ड (क) मा उल्लेख भए बाहेकको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था लगायतका अन्य निकायको अनुभव पेस गरेकोमा नियुक्तिपत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा अधिकृतस्तरका कर्मचारी भर्नाको प्रक्रिया, योग्यता, संगठन संरचना लगायत कर्मचारीको सेवाका शर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधि समेत पेस गर्नुपर्ने र त्यस्तो नियम वा विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्था बमोजिम अधिकृतस्तरमा भर्ना भएको यकिन हुने अनुभवलाई मात्र मान्यता दिइनेछ। यसका लागि विनियामवलीको प्रथम पाना, सेवा गरेको पदनाम उल्लेख रहेको पाना तथा सो पदको नियुक्ति प्रक्रिया खुलेको पाना अपलोड गर्नु पर्नेछ।

(ग) सरकारी कर्मचारीले अन्य संगठित संस्थामा काम गरेको अनुभव पेस गरेमा सरकारको पूर्व स्वीकृतिको पत्र तथा सो अवधिको विदा स्वीकृतिको पत्र संलग्न भएमा मात्र त्यस्तो अनुभवलाई मान्यता दिइनेछ।

(घ) एउटै अवधिमा दुई वा सो भन्दा बढी निकायमा काम गरेको भएमा पूरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ।

(ङ) नियुक्ति पत्र वा करारनामामा नै आंशिक रूपमा काम गर्ने उल्लेख भएकोमा सो अनुभवलाई मान्यता दिइनेछैन।

(च) एक वर्ष भन्दा कम अवधिको अस्थायी वा करार सेवाको अनुभवलाई गणना गरिने छैन।

(छ) सहायकस्तरमा पदाधिकार रही अधिकृतस्तरमा कायम मुकायम वा निमित्त भई सेवा गरेको अनुभवलाई मान्यता दिइनेछैन।

(ज) अधिकृत नवौं तहको जुन सेवा, समूहको पदमा आवेदन गर्ने हो सो सेवा, समूहको सातौं/आठौं तहको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेपछिको अधिकृतस्तरको अनुभवलाई मात्र मान्यता प्रदान गरिनेछ।

(झ) नियुक्तिपत्र वा करारनामामा उल्लेखित पदनामबाट अधिकृतस्तर नखुलेकोमा सम्बन्धित निकायले सो पद अधिकृतस्तरको हो भनी प्रमाणित गरेको पत्र संलग्न गर्नु पर्नेछ।

(ञ) माथि उल्लेखित प्रमाण खुल्ने कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसुकै समय दरखास्त रद्द हुनेछ।

(ट) MBBS र MD उत्तिर्ण गरेका उम्मेदवारहरु दरखास्त दिने अन्तिम मितिसम्ममा अनिवार्य रुपमा नेपाल मेडिकल काउन्सिलमा दर्ता भई म्याद कायम रहेको हुनुपर्नेछ।

(ठ) MD(Doctor of Medicine) तथा DM(Doctorate of Medicine) Residential अध्ययन गर्दाको अवधिलाई समेत अनुभव अवधिका रुपमा गणना गरिनेछ।

**<u>द्रष्टव्य</u>**

(क) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(ख) कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० बमोजिम समान तह/श्रेणीका पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्ता उम्मेदवारले दरखास्त दिन पाउने छैनन्।

(ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(घ) लिखित परीक्षाको हकमा सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ५ (पाँच) दिन अगावै आयोगको कार्यालयमा लिखित निवेदन दिनुपर्नेछ।

(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकताको प्रमाण पत्र, खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै सो को १/१ प्रति प्रतिलिपि उम्मेदवार स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(च) लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(छ) सूचनामा उल्लेखित विषय बाहेक अन्य विषयहरु प्रदेश लोक सेवा आयोग ऐन, नियमावली तथा निर्देशिका बमोजिम हुनेछ।

(ज) दरखास्त भर्ने तरिका सम्बन्धी जानकारीको लागि वेबसाइटमा राखिएको User Manual हेर्न सकिनेछ।

(झ) पाठ्यक्रम आयोगको वेबसाइट **<u>https://ppsc.karnali.gov.np/course</u>** बाट प्राप्त गर्न सकिने छ।